आज मिति २०७४ साल जेठ १६ गते मंगलवारका दिन यस मकवानपुरगढी गाउँ पालिकाको बैठक गाउँ पालिका अध्यक्ष श्री मिदुर हुमागाईं ज्यू को अध्यक्षतामा बसेका तपशिल बमोजिमको उपस्थिती गरियो

उपस्थिती

1. अध्यक्ष श्री मिदुर हुमागाईं
2. उपाध्यक्ष श्री हर्कमायाँ रुम्बा
3. वडाध्यक्ष वडा नं. १ श्री आइत सिं लो
4. " " २ श्री बखानसिं पाखिन
5. " " ३ श्री भागवत घिमिरे
6. " " ४ श्री रामप्रसाद तिमल्सिना
7. " " ५ श्री जीत बहादुर घिमिरे
8. " " ६ श्री टिका प्रसाद दाहाल
9. " " ७ श्री सूर्य बहादुर रुम्बा
10. " " ८ श्री कुमार सिं घिसिङ
11. कार्यकारी अधिकृत श्री मीनराज कोइराला
12. बैठकमा हाजुर व्यवस्थापक ना.सु. युवराज पौड्याल

छलफलका विषय तथा निर्णयहरू:-

१. नेपाल सरकारबाट यस गाउँपालिकालाई प्राप्त हुने अनुदान मध्ये पूँजीगत अनुदानबाट ~~[illegible]~~ योजना छनौट सम्बन्धमा :-

छलफलका विषय तथा निर्णयहरू :

प्रश्ताव नं. १ नेपाल सरखारबाट प्राप्त हुने पुँजिगत अनुदानको रकम मध्येबाट आकस्मिक पुर्वाधारका योजना संचालन तर्फ विनियोजित रकम रू.४१०००००।०० अक्षेरूपी एकचालिस लाख बाट संचालन गरिने योजना छनौट गर्ने सम्वन्धमा :–

निणय नं. १. प्रश्ताव नं. १ को सम्वन्धमा छलफल गर्दा यस मकवानपुरगढी गाउँपालिकाको लागि चालु आ.व.२०७३/०७४ मा विनियोजन भएको कुल १ करोड रूपैयाँ मध्ये चालु खर्चको लागि छुट्टिइ आएको रकम रू.२००००००।०० विषलाख बाहेक बाँकी हुने रू.८००००००।०० असिलाख मध्येबाट गाउँपालिकाको आन्तरिक व्यवस्थापन बाहेक आकस्मिक पुर्वाधार निर्माण तथा मर्मत सुधार र स्तरिकरणको लागि विनियोजन भएको रकम रू.४१०००००।०० एकचालिस लाख रूपैयाँबाट तपशिल बमोजिमका योजना तथा कार्यक्रमहरू छनौट गरेर संचालन गरी सम्पन्न गर्ने सर्व सम्मतबाट निर्णय पारित गरियो ।

| सि. नं. | योजनाको नाम | योजना स्थल | वडा नं. | विनियोजित रकम |
|---|---|---|---|---|
| १ | वृहद खा.पा. योजना मर्मत सुधार | मकवानपुरगढी २–४ | २–४ | रू.५०००००.०० |
| २ | ज्यामिरे खोला साँगुपुल निर्माण | ज्यामिरे खोला | ५ | रू.४०००००.०० |
| ३ | इचुङ,बुढीचौर इपाखहरे बाटो स्तर वृद्धी | इचुङ, बुढीचौर इपाखहरे | ८ | रू.४०००००.०० |
| ४ | थलिडाँडा शिंचाइकुलो पाइप योजना | थलिडाँडा | ७ | रू.१०००००.०० |
| ५ | कार्कीडाँडा धुसघारी खा.पा. योजना | कार्कीडाँडा धुसघारी | ७ | रू.२०००००.०० |
| ५ | कार्कीडांडा खोरथाप्ने बाटो मर्मत | कार्कीडाँडा,खोरथाप्ने | ७ | रू.२०००००.०० |
| ६ | लामिडाँडा खा.पा.टंकी निर्माण योजना | लामिडाँडा | २ | रू.४५००००.०० |
| ७ | पेल्ट्रिकसेट विध्युत विस्तार योजना | लेनडाँडा कर्मेटोल | १ | रू.१५००००.०० |
| ८ | रत्नदेवी खा.पा.योजना स्तर सुधार | रत्नदेवी | १ | रू.१५००००.०० |
| ९ | मैनाटार आँपटार ग्रामिण सडक निर्माण | मैनाटार आँपटार | १ | रू.१०००००.०० |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| १० | नयाँखोरिया खा.पा. योजना स्तर सुधार | नयाँखोरिया | ४ | रू.२०००००.०० |
| ११ | मनकामना भञ्ज्याङ्ग मनकामना मनकामना मन्दिर बाटो स्तर वृद्धी | भञ्ज्याङ्ग मनकामना मनकामना मन्दिर | ४ | रू.२०००००.०० |
| १२ | भालुखोला धादिङपाखा सिचाइकुलो स्तरिकरण | भालुखोला धादिङपाखा | ६ | रू.२०००००.०० |
| १३ | डुम्रेकुना सरमपुर खा.पा.योजना विस्तार | डुम्रेकुना सरमपुर | ६ | रू.१०००००.०० |
| १४ | चन्द्रसूर्य जनक मा.वी. बाटो स्तरिकरण | चन्द्रसूर्य जनक | ६ | रू.२०००००.०० |
| १५ | खा.पा.अफिस धमिले सडक स्तरिकरण | ख.पा.अपिस धमिले | ३ | रू.२०००००.०० |
| १६ | देवीडाँडा सामरीखोला बाटो स्तरिकरण | देवीडाँडा सामरीखोला | ३ | रू.१५०००००.०० |
| १७ | खुइलेडाँडा मोरङ्गे ग्रामिण सडक स्तरिकरण | खुइलेडाँडा मोरङ्गे | ३ | रू.१०००००.०० |
| १८ | बखा नुहाउने द्रिकिनु, टेङ्क निर्माण | खरानी चोक,स्कुलडाडा | ३ | रू.५००००.०० |
| १९ | सामरी तारपुल स्तर सुधार | सामरी खोला | ३ | रू.५००००.०० |
| | | | जम्मा | रू.४१०००००.०० |

प्रशताव नं. २ सिवं शिमेन्ट उध्योगले चलाएको ढुङ्गा खानी तथा त्यसबाट जनमानसमा पारेको प्रभाव सम्वन्धमा –

निर्णय नं. २ प्रशताव नं. २ को सम्वन्धमा छलफल गर्दा यस मकवापुर जिल्ला साविक हटिया गा.वि.स. हाल हेटौडा उ.म.न.पा. वडा नं. ... मा संचालित सिवं शिमेन्ट उध्योगले यस मकवानपुरगढी गाउँपालिकाको वडा नं. ७ र ८ साविक सुकौरा र बुढीचौर गा.वि.स.मा चलाएको ढुङ्गा खानीबाट निकालिएका ढुङ्गा उध्योग सम्म ढुवानी गर्दा उडेको धुवाँ धुलो तथा खानी क्षेत्रमा निश्किएको ओभरबर्डेनका कारण यस मकवानपुरगढी गाउपालिकाको प्राय सवै वडाहरूको मानव श्वास्थ्य, कृषि तथा पशुपालन व्यवसायमा चौपट रूपले अत्यन्तै नकरात्मक प्रभाव परिरहेकोले यस सम्वन्धमा गत विगतमा प्रभावित जन समुदाय र उनका अगुवा प्रतिनिधिहरूसँग भएका सम्झौता र जनाइएका प्रतिवद्धताहरू तुरन्त कार्यानवयन गरिजान तथा माननीय सांसद श्री सुभासचन्द्र

Scanned with CamScanner

ठकुरीको विशेष अगवाइमा खटिएको विभिन्न विषयका श्वतन्त्र विज्ञहरूको विशेष अध्ययन तथा अनुसन्धान टोलीबाट तयार गरिएको विस्तृत अध्ययन प्रतिवेदनले सिवं शिमेन्टको तर्फबाट यस क्षेत्रमा खानी चलाउँदा खानी प्रभावित क्षेत्रमा अनिवार्य गर्नुपर्ने भनी किटान गरिएका कामहरू शिघ्र सन्चालन गरी सम्पन्न गर्न ध्यानाकर्षण गराउने सर्वसम्वत निर्णय पारित गरियो ।

प्रश्ताव न. ३ भुकम्प पिडित अनुदान सहायता व्यवस्थापन तथा गुनासो फछ्र्योट सम्वन्धमा –

निर्णय नं. ३ प्रश्ताव नं. ३ को सम्वन्धमा छलफल गर्दा तपशिल बमोजिमका निर्णयहरू सर्व सम्मत रूपले पारित गरियो –

क) भुकम्प पिडितको लाभग्राही सुचीमा परी साविक गा.वि.स.मा गइ सम्झौता गरेर प्रकृया अनुसार प्रथम किस्ता रकम प्राप्त गरेर तोकिएको मापदण्ड अनुसार घर निर्माण गरी सकेका लाभग्राहीहरूले नियमानुसार प्राप्त गर्ने दोश्रो तथा तेश्रो किस्ता बापतको रकम भुक्तानी प्राप्त गर्नको लागि आवस्यक पर्ने शिफारिस गरिदिन भुकम्प प्रयोजनका लागि खटिएका प्राविधिकलाई निर्देशन गर्ने ।

ख) सोही अनुसार सम्झौता भइ पथम किस्ता रकम प्राप्त गरेर र विभिन्न श्रोत जुटाइ घर बनाइ सकेका र बन्दै गरेका तर तोकिएको नक्सा वा मापदण्ड अनुसार नबनाइएका भनी दोश्रो किस्ता रकम प्राप्त गर्ने अवसरबाट बन्चित हुने सम्भावनामा रहेका लाभग्राहीका समस्यालाई लिएर सम्वद्ध निकायहरूबाट समस्या सम्वोधन गर्नु पर्ने माग राखी डेलिगेसन गर्ने ।

ग) लाभग्राहीको नाममा जग्गा नभएका कारण अथवा ऐलानी जग्गा भएको कारण वा त्यस्तै अन्य कारण सम्झौता गर्न बाट रोकिएका भुकम्प पिडित लाभग्राहीहरूको समस्याको पहिचान गरी त्यस प्रकारको् गुनासो सुनुवाइको माग राखी सम्वद्ध नेपाल सरकार तथा एन.आर.ए. मा अनुरोध गरी पठाउने ।

घ) आफू भुकम्प पिडित भएको, तर सर्वेक्षण गर्न आउने प्राविधिक सहितको टोलीले आफ्नो घर सर्वेक्षण नै नगरेको भनी गुनासो दर्ता गर्ने तथा सर्वेक्षण गरेको तर निकालिएको लाभग्राही सूचीमा आफ्नो नाम नपरेको भनी गुनासो दर्ता गर्ने गुनासो कर्ताहरूको गुनासो उचित

Scanned with CamScanner

व्यवस्थापन गर्न घर पुनः सर्वेक्षण गरी दिने व्यवस्था मिलाई दिन अनुरोध गर्दै पुनर्निर्माण प्राधिकरणमा पत्राचार गर्ने ।

प्रश्ताव नं. ४ विभिध-

निर्णय नं. ४ प्रश्ताव नं. ४ को सम्वन्धमा छलफल गर्दा तपशिलका थप निर्णयहरू सर्वसम्मतबाट पारित गरियो -

क) गाउँपालिका कार्यालयमा कार्यालय सहयोगी कर्मचारी आवस्यक परेकोले दैनिक ज्यालादारीमा १ जना कार्यालय सहयोगी कर्मचारी तत्काल भर्ना गर्न कार्यालयलाई अनुमती प्रदान गर्ने ।

ख) गाउँपालिकालाई चालु आ.व. ०७३/०७४ मा संचालन भएका योजना तथा कार्यक्रमको अनुगमन तथा निरिक्षण गर्नका लागि सवारी साधनको आवस्यक परेको हुँदा १ वटा उपयुक्त ४ पाँङ्ग्रे सवारी साधन भाडामा लिइ चलाउने गरी भाडामा लिने प्रकृया अगाडि बढाउन कार्यालयलाई अनुमती प्रदान गर्ने ।

ग) यस गाउँपालिका तथा यस गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरूमा फर्निचर तथा कम्प्युटर लगायतका सामाग्रिहरू आवस्यक परेको हुँदा नियमानुसार खरिद प्रकृया अगाडि बढाउन कार्यालयलाई अनुमती प्रदान गर्ने ।

Scanned with CamScanner